# स्थानीय राजपत्र

स्थानीय सरकार विदुर नगरपालिका, विदुर, नुवाकोट, बागमती प्रदेश, नेपालद्वारा प्रकाशित

वर्ष ७, संख्या ९ २०८० माघ १० गते


## भाग १

स्थानीय सरकार

**विदुर नगरपालिका**

विदुर, नुवाकोट

बागमती प्रदेश, नेपाल

*नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०८०।१०।०७*

# विद्यार्थी भेरिफिकेसन तथा सत्यापन कार्यविधि, २०८०

# विद्यार्थी भेरिफिकेसन तथा सत्यापन कार्यविधि, २०८०

**प्रस्तावना**

विदुर नगरपालिका भित्र संचालित विद्यालय तथा शैक्षिक संस्थाहरुको अनुगमन निरीक्षण गरी विद्यालयमा नियमित रुपमा अध्ययन गर्ने बालबालिकाहरुको संख्या एकिन गरी सशर्त अनुदान वितरण तथा सालबसाली दरबन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धी कार्य गरी पारदर्शी र जवाफदेहीपूर्ण ढंगले कार्य गर्दै शिक्षा क्षेत्रको समग्र सुधार गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकारलाई प्रयोग गरी विदुर नगरकार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

**परिच्छेद :१**

**१.संक्षिप्त नाम र प्रारम्भ**

१.१ यस कार्यविधिको नाम "**बिद्यार्थी भेरिफिकेशन तथा सत्यापन कार्यविधि २०८०**" रहेको छ।

१.२ यो कार्यविधि विदुर नगरकार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

१.३ परिभाषा : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ सम्झनु पर्दछ ।

ख. "कार्यविधि" भन्नाले विदुर नगरपालिका "बिद्यार्थी भेरिफिकेसन तथा सत्यापन कार्यविधि २०८०" सम्झनु पर्दछ।

ग. "नगरपालिका" भन्नाले विदुर नगरपालिका सम्झनुपर्दछ।

घ. "शाखा" भन्नाले विदुर नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्दछ ।

ङ. "बिद्यालय" भन्नाले विदुर नगरपालिका भित्र संचालित सामुदायिक तथा संस्थागत बिद्यालय सम्झनु पर्दछ ।

च. "शौक्षिक संस्था "भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको लगानीमा व्यवस्थापनामा संचालित प्रारम्भिक बालशिक्षा, आधारभूत शिक्षा, माध्यामिक शिक्षा प्रदान गर्नका लागि प्रचलित कानुन बमोजिम स्थापना भई संचालनमा रहेका शौक्षिक संस्था सम्झनुपर्दछ।

छ. "भेरिफिकेसन" भन्नाले विद्यार्थीको औसत उपस्थिति, हाजिरी नियमितता, अन्य विद्यालयमा दोहोरो भर्ना भए नभएको, भर्ना अभिलेख, परीक्षामा उपस्थितिको अवस्था र ईमिसको तथ्यांक समेतको आधारमा छानवीन गर्ने कार्यलाई सम्झनुपर्दछ।

ज. "सत्यापन" भन्नाले भेरिफिकेसन भएको विद्यार्थी संख्यालाई प्रधानाध्यापक र वि.व्य.स अध्यक्षको रोहवरमा समितिले एकिन संख्या निर्धारण गर्ने कार्यलाई जनाउँछ ।

झ. "समिति" भन्नाले यस कार्यविधि बमोजिम गठित विद्यार्थी भेरिफिकेसन तथा सत्यापन समितिलाई सम्झनुपर्दछ ।

## परिच्छेद-२

### २.१. विद्यार्थी भेरिफिकेसन तथा तथा सत्यापन कार्यविधि २०८० को उद्देश्य

२.१.१ विद्यालयमा अध्ययनरत वास्तविक विद्यार्थीहरुको पहिचान गरी संख्या निर्धारण गरी एकिन गर्नु ।

२.१.२ शैक्षिक तथ्यांकमा सुद्धता कायम गर्नु ।

२.१.३ साधन स्रोतको समुचित उपयोग र न्यायोचित वितरणमा सहयोग गर्नु ।

२.१.४ पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्नु ।

२.१.५ विद्यालय शिक्षाको गुणस्तर सुधारमा सहयोग गर्नु ।

## परिच्छेद : ३

### ३.१ विद्यार्थी भेरिफिकेसन तथा सत्यापन समितिको व्यवस्था

विदुर नगरपालिका भित्रका संचालित बिद्यालयमा अध्ययनरत विद्यार्थी भेरिफिकेसन तथा सत्यापन कार्यको लागि तपसील बमोजिमको एक समिति रहनेछ ।

| | |
|---|---|
| क. शाखा प्रमुख वा निजले तोकेको अधिकृत कर्मचारी शिक्षा शाखा | -संयोजक |
| ख. बिद्यालय रहेको वडाको वडा अध्यक्षले तोकेको वडा सदस्य मध्येबाट १ जना | -सदस्य |
| ग. सम्बन्धित विद्यालयका वि.व्य.स अध्यक्ष | -सदस्य |
| घ. नेपाल शिक्षक महासंघ नगर कार्य समितिका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | -सदस्य |
| ङ. सम्बधित विद्यालयका प्र.अ. | -सदस्य |

### ३.२. समितिको काम कर्तब्य र अधिकार

३.२.१. विद्यालयको विद्यार्थी संख्याको भेरिफिकेशन गर्ने ।

३.२.२. विद्यालयको विद्यार्थी संख्या एकिन गरी सत्यापन गर्ने ।

३.२.३. विद्यालयको विद्यार्थी संख्या भेरिफिकेशन र सत्यापन गर्न आवश्यक अभिलेखहरुको जाँचबुझ गर्ने ।

३.२.४. प्रमाणित नहुने विद्यार्थी संख्या उल्लेख गरी सुविधा लिएको प्रमाणित भएमा त्यस्ता प्र.अ लाई कारवाहीको लागि नगर शिक्षा समिति समक्ष सिफारिस गर्ने ।

३.२.५. आवश्यक परेमा अभिभावकहरुसँग थप परामर्श गर्ने ।

३.२.६. समितिको बैठक राख्ने र सत्यापन गरेको अनुसूचि १ बमोजिमको अभिलेख १ प्रति प्रमाणित गरी लिने र १ प्रति विद्यालयलाई उपलब्ध गराउने ।

३.२.७. समितिमा एकमत हुन नसकेमा संयोजकले प्रमाणित गरी पेश गरेको प्रतिवेदन मान्य हुने ।

३.२.८. समितिले आवश्यक ठानेमा कुनै विद्यालयको छड्के निरिक्षण र पूर्व सूचना दिएर पटकपटक निरिक्षण गरी भेरिफिकेसन र सत्यापन गर्ने ।

३.२.९. समितिले आवश्यक ठानेमा समितिको निर्णय बमोजिम थप जनशक्ति परिचालन गर्न सक्ने।

## परिच्छेद ४
## विविध

### ४.१ प्रतिबेदनको व्यबस्था

४.१.१. बिद्यार्थी भेरिफिकेसन तथा सत्यापन समितिले विद्यालयगत प्रतिवेदन तयार गरी त्यसको सारांश सहितको समष्टिगत प्रतिवेदन विदुर नगर शिक्षा समिति समक्ष पेश गर्नेछ ।

४.१.२. विद्यार्थी भेरिफिकेशन तथा सत्यापन कार्य सामान्यतमा नयाँ शैक्षिक सत्र शुरु हुनु अगावै सम्पन्न गरी प्रतिवेदन पेश गरि सक्नुपर्नेछ।तर दरबन्दी मिलान तथा विद्यालय समायोजन प्रयोजनको लागि नयाँ शैक्षिक सत्र शुरू भएको ४५ दिन भित्र प्रतिवेदन पेश गर्न सकिने छ ।

### ४.२. खर्च व्यवस्थापन

४.२.१. विद्यार्थी भेरिफिकेशन तथा सत्यापन कार्यमा संलग्न जनशक्तिको लागि आवश्यक खर्च विदुर नगरकार्यपालिका कार्यालयबाट उपलब्ध हुनेछ ।

४.२.२. समितिका संयोजक/सदस्य र समितिको निर्णय बमोजिम खटाईएका अन्य जनशक्तिलाई प्रति व्यक्ति प्रति विद्यालय खाना तथा खाजा खर्च वापत रु ५००। का दरले र समष्टिगत प्रतिवेदन  तयारी वापत प्रतिवेदन तयार गर्नेलाई एकमुष्ठ रु १०,०००। उपलब्ध गराईनेछ ।

### ४.३ कर्तब्य हुने

तोकिएको विद्यालयको भेरिफिकेशन तथा सत्यापन सम्बन्धी कार्यक्रममा अनिवार्य रुपमा सहभागी भई प्रमाणिकरण गर्नु समितिका संयोजक तथा सदस्यहरुको कर्तब्य हुनेछ।

### ४.४. मान्य हुने

यो कार्यविधिको कार्यान्वयनबाट कुनै प्रचलित कानूनको उलंघन हुन गएमा प्रचलित कानूनमा रहेकै व्यवस्था मान्य हुनेछ ।

### ४.५ बाधा अड्काउ फुकाउने अधिकार

यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आएमा विदुर नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिका बैठकले बाधा अड्काउ फुकाउन आवश्यक निर्णय गर्न सक्नेछ ।

## अनुसूची -१
## विद्यार्थी भेरिफिकेसन तथा सत्यापन कार्यमा प्रयोग गरिने फाराम

विद्यालयको नाम :

ठेगाना :

सम्पर्क नं :    ईमेल :    ईमिस कोड नं :

| कक्षा | IEMIS को संख्या | हाजिरी रजिष्टरको संख्या | आजको उपस्थिति ........... | ७० प्रतिशत भन्दा बढी उपस्थिति संख्या | दोश्रो पटकको अनुगमनको विद्यार्थी उपस्थिति.............. | परीक्षाको उपस्थिति संख्या | भेरिफिकेसन पश्चात सत्यापन गरिएको विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| बाल | | | | | | | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| ११ | | | | | | | | |
| १२ | | | | | | | | |

संयोजक    सदस्य    वि.व्य.स अध्यक्ष    सदस्य    प्र.अ.

नाम :

मिति :

दस्तखत :

प्रमाणिकरण मिति: २०८०।१०।१०    आज्ञाले

विनोद कुमार खनाल
(प्रमुख प्रशासकीय अधिकृत)